# मुक्तिनाथ विकास बैंक लि. को अठारौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट)

**१) वैधानिक सभा :**

कम्पनी ऐन २०६३ र मुक्तिनाथ विकास बैंक लिमिटेडको नियमावली बमोजिम बैंकको अठारौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री भरत राज ढकालज्यूको अध्यक्षतामा मिति २०८१ पौष २९ गते सोमवार तदनुसार जनवरी १३, २०२५ का दिन **पोखरा इभेण्ट सेन्टर, बुलौदी, पोखरामा** बिहानको ११.०० बजे पूर्व निर्धारित विषयहरुमा छलफल गर्न बस्यो ।

**२) सभा बस्ने सम्बन्धी सूचना जारी :**

कम्पनी ऐन २०६३ को दफा ७६ र यस कम्पनीको नियमावली बमोजिम मिति २०८१ पौष ७ गते बसेको सञ्चालक समितिको ३४१ औं बैठकको निर्णय बमोजिम, यस विकास बैंकको अठारौं वार्षिक साधारण सभाका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम २१ दिन अगावै वार्षिक साधारण सभाको सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था बमोजिम मिति २०८१ पौष ०८ गतेको राष्ट्रिय दैनिक पत्रिका **आर्थिक दैनिक** र २०८१ पौष ९ गतेको राष्ट्रिय दैनिक पत्रिका **कारोबार दैनिक** पत्रिकामा सूचना प्रकाशित गरी सवै सेयरधनी महानुभावहरुलाई जानकारी गराइएको थियो । साथै SMS मार्फत समेत सवै सेयरधनी महानुभावहरुलाई साधारण सभा सम्बन्धी जानकारी गराइएको थियो ।

**३) छलफलका विषयहरु :**

**सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।

३. यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०८०/०८१ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हालका लेखापरीक्षक श्री ए. पी. एण्ड एशोसिएट्स, चाटर्ड एकाउण्टेन्ट्स पुनः नियुक्ति हुनका लागि योग्य हुनुहुन्छ ।)

**विशेष प्रस्तावहरु :**

१. काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.-२८, कमलादी, काठमाण्डौ स्थित केन्द्रीय कार्यालयलाई काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.-३ लाजिम्पाट, काठमाण्डौमा स्थानान्तरण गर्नका लागि प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

२. सञ्चालक समितिको बैठकबाट नियुक्त स्वतन्त्र सञ्चालकको नियुक्ति अनुमोदन गर्ने ।

मुक्तिनाथ विकास बैंक लि. केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाडौं

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही प्रति सेयर रु. १०० का दरले रु.१ अर्ब बराबरको मुक्तिनाथ ८.५% अविमोच्य असञ्चिति अग्राधिकार सेयर (**8.5%, Muktinath Perpetual Non-cumulative Preference Share**) सम्बन्धित नियमनकारी निकायको स्वीकृति पश्चात जारी गर्ने ।

४. हाल कायम अधिकृत पूँजी रु.८ अर्बबाट बृद्धि गरी रु.१० अर्ब पुऱ्याउने र सोही अनुसार प्रबन्धपत्रको दफा संशोधन गर्ने ।

५. अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी भए पश्चात बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) लाई बृद्धि गरी रु.८,०४,६९,३८,०४९.०८ (अक्षरेपी आठ अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) पुऱ्याउने र सोही अनुसार प्रबन्धपत्रको दफा संशोधन गर्ने ।

६. अग्राधिकार सेयर तथा अविमोच्य ऋणपत्र जारी गर्नका लागि बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक थप/संशोधन गर्ने ।

७. यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा सोसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

८. विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने साथै अग्राधिकार सेयर जारी/दर्ता तथा सूचिकरण लगायत सो संग सम्बन्धित कार्यहरुको स्वीकृतिका क्रममा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।

**४) उपस्थिति :**

**४.१) सञ्चालकहरुको उपस्थिति :**

१) श्री भरत राज ढकाल – अध्यक्ष
२) श्री नारायण कुमार श्रेष्ठ – सञ्चालक
३) श्री भरत प्रसाद लम्साल – सञ्चालक
४) श्री विनोद कुमार शर्मा – सञ्चालक
५) श्री सरोजा श्रेष्ठ कोइराला – सञ्चालक
६) श्री उमेश कुमार आचार्य – स्वतन्त्र सञ्चालक

**४.२) अन्य पदाधिकारी :**

१) प्रद्युमन पोखरेल – प्रमुख कार्यकारी अधिकृत
२) डण्डपानी ढकाल - कम्पनी सचिव

मुक्तिनाथ विकास बैंक लि. केन्द्रीय कार्यालय, कमलादी, काठमाडौं

५) गणपुरक संख्या :

| विवरण | कुल संख्या | स्वयम् उपस्थिती | प्रतिनिधद्धारा उपस्थिती | जम्मा उपस्थिती | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| सेयरधनी संख्या | ५७२५८ | ४४१ | १७ | ४५८ | ०.८० |
| सेयर संख्या | ७,०४,६९,३८०.४९ | ३,३३,६५,५४६ | ४०,७१,१०८ | ३,७४,३६,६५४ | ५३.१२ |

६) सभाको वैधानिकता र सभापतित्व :

कम्पनी ऐन २०६३ को दफा ७३ मा साधारण सभामा कम्पनीको विक्री भएको जम्मा सेयर संख्याको ५०% भन्दा बढि सेयरको प्रतिनिधित्व हुने गरी खरिद गर्ने कुल सेयरधनी मध्ये कम्तीमा ३ जना सेयरधनीहरुको स्वयम् वा निजका प्रतिनिधिहरु मार्फत उपस्थित भएमा सभाको लागि गणपूरक संख्या पुगेको मानिने प्रावधान भए अनुरुप नै यस संस्थाको कूल ७,०४,६९,३८०.४९ कित्ता मध्ये ३,३३,६५,५४६ सेयर कित्ताका ४४१ जना सेयरधनीहरु स्वयम् उपस्थित र ४०,७१,१०८ सेयर कित्ताका १७ जना प्रतिनिधिद्धारा उपस्थित भई कूल सेयरधनीको ०.८० प्रतिशत र कुल सेयर संख्याको ५३.१२ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा कम्पनी ऐन २०६३ र यस विकास बैंकको नियमावली अनुसार अठारौं वार्षिक साधारण सभाको गणपुरक संख्या पुगेको जानकारी सभालाई कम्पनी सचिव श्री डण्डपानी ढकालले गराउनु भयो ।

अठारौं वार्षिक साधारण सभाको गणपूरक संख्या पुगेकोले, कम्पनी सचिव श्री डण्डपानी ढकालले कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री भरत राज ढकालज्यूलाई अठारौं बार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरिदिनुहुन अनुरोध गर्नु भयो र अध्यक्षज्यूबाट सभाको सभापतित्व ग्रहण भयो ।

कार्यक्रम सञ्चालक श्री डण्डपानी ढकालले सभाको शुरुवात गर्न स्विकृतीको लागि सभाका अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो र सभापतिको अनुमति लिई कम्पनी सचिवद्धारा बिहानको ११.०० बजे वैधानिक रुपमा औपचारिक कार्यक्रम अगाडी बढाईयो ।

७) अतिथी तथा पर्यवेक्षक साथै विशिष्ट ब्यक्तिको आसन ग्रहण :

कार्यक्रम सञ्चालकले अठारौं वार्षिक साधारण सभामा उपस्थित संस्थाका सञ्चालकहरु, सञ्चालक समितिका पूर्व अध्यक्षहरु, प्रमुख कार्यकारी अधिकृत, पूर्व सञ्चालकहरु, संस्थापक सेयरधनी महानुभावहरु, सर्वसाधारण सेयरधनीहरु, कर्मचारीहरु तथा अन्य उपस्थित महानुभावहरुलाई आसन ग्रहण गराइयो । साथै सञ्चालक समितिको तर्फबाट स्वागत मन्तब्य सञ्चालक श्री भरत प्रसाद लम्सालले गर्नु भयो । वार्षिक साधारण सभाको उद्घाटन सभाका अध्यक्ष श्री भरत राज ढकालले गर्नुभयो । प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेलले संस्थाको बर्तमान अवस्था र भावी कार्ययोजनाका बारेमा प्रस्ट पार्दै आफ्नो प्रतिबद्धता सहित शुभकामना मन्तव्य राख्नुभयो ।

८) भवन उद्घाटन तथा सम्मान कार्यक्रम :

अठारौं वार्षिक साधारण सभामा बैंकको काठमाण्डौ महानगरपालिका वडा नं. ३ लाजिम्पाटमा निर्मित केन्द्रीय कार्यालय भवनको बैंकका अध्यक्ष श्री भरत राज ढकालले डिजिटल माध्यमबाट उद्घाटन गर्नुभयो । उक्त कार्यक्रममा बैंक स्थापना कालका ३० जना संस्थापक सेयधनीहरु र भवन निर्माण कार्यमा उल्लेखनिय योगदान गर्ने पूर्व सञ्चालकहरु तथा अन्य व्यक्तिहरुलाई सम्मान गरियो ।

९) **बार्षिक साधारण सभाको प्रस्तुती :**

९.१) कम्पनी सचिव श्री डण्डपानी ढकालले अठारौं बार्षिक साधारण सभाका प्रस्तावहरु क्रमश सभा समक्ष प्रस्तुत गर्नु भयो र आ.व.०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नका लागि अध्यक्षज्यूलाई आग्रह गर्नु भयो ।

९.२) सभाको काम कारवाही अगाडी बढाउने क्रममा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ.व.०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गरी छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

९.३) तत्पश्चात अध्यक्षज्यूले लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. ०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु उपर छलफल गर्न सभा समक्ष पेश गर्नु भयो ।

९.४) त्यसैगरी आ.व.०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धी प्रतिवेदन पेश गर्न लेखा समितिका संयोजक तथा सञ्चालक श्री उमेश कुमार आचार्यले सभा समक्ष पेश गर्ने व्यहोरा जानकारी गराउनु भयो ।

९.५) यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०७९/०८० को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफलका लागि सभा समक्ष पेश गरियो ।

९.६) त्यसैगरी **विशेष प्रस्तावहरु तर्फ** काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.-२८, कमलादी, काठमाण्डौ स्थित केन्द्रीय कार्यालयलाई काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.-३ लाजिम्पाट, काठमाण्डौमा स्थानान्तरण गर्नका लागि प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव सभा समक्ष पेश भयो ।

९.७) सञ्चालक समितिको बैठकबाट नियुक्त स्वतन्त्र सञ्चालकको नियुक्ति अनुमोदन गर्ने प्रस्ताव सभा समक्ष पेश गरियो ।

९.८) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही प्रति सेयर रु. १०० का दरले रु.१ अर्ब बराबरको मुक्तिनाथ ८.५% अविमोच्य असञ्चिति अग्राधिकार सेयर (**8.5%, Muktinath Perpetual Non-cumulative Preference Share**) सम्बन्धित नियमनकारी निकायको स्वीकृति पश्चात जारी गर्ने प्रस्ताव सभा समक्ष पेश गरियो ।

९.९) हाल कायम अधिकृत पूँजी रु.८ अर्बबाट बृद्धि गरी रु.१० अर्ब पुऱ्याउने र सोही अनुसार प्रबन्धपत्रको दफा संशोधन गर्ने प्रस्ताव सभा समक्ष पेश भयो ।

९.१०) अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी भए पश्चात बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) लाई बृद्धि गरी रु.८,०४,६९,३८,०४९.०८ (अक्षरेपी आठ अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) पुऱ्याउने र सोही अनुसार प्रबन्धपत्रको दफा संशोधन गर्ने प्रस्ताव सभामा पेश गरियो ।

९.११) अग्राधिकार सेयर तथा अविमोच्य ऋणपत्र जारी गर्नका लागि बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक थप/संशोधन गर्ने प्रस्ताव सभा समक्ष पेश भयो ।

मुक्तिनाथ विकास बैंक लि. केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाडौं

९.१२) यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा सोसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव सभा समक्ष पेश भयो ।

९.१३) विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने साथै अग्राधिकार सेयर जारी/दर्ता तथा सूचिकरण लगायत सोसंग सम्बन्धित कार्यहरुको स्वीकृतिका क्रममा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने प्रस्ताव सभा समक्ष पेश गरियो ।

**१०) छलफलमा सहभागी हुने सेयरधनीहरुको प्रस्तुतीकरण :**

**१०.१) सेयरधनी श्री कमल न्यौपानेले** मुक्तिनाथ विकास बैंकले यस पटक सेयरधनिहरुलाई लाभाँश वितरण गर्न नसकेको प्रति चिन्ता व्यक्त गर्नुभयो । आफुले सोध्न खोजेका धेरै प्रश्नहरुको जवाफ अध्यक्षको मन्तव्यबाट पाइसकेको बताउनुभयो । हाल विकास बैंकहरुमा देखिएको समस्याको बारेमा जानकारी गराउँदै यस प्रति चनाखो रहन सुभाव दिनुभयो । व्याज आम्दानी राम्रो देखिएता पनी वितरण योग्य मुनाफा किन कम भयो भन्ने जिज्ञासा राख्नुभयो । कृषि कम्पनीमा बैंकको लगानी रहेको हुँदा त्यसको अवस्थाको बारेमा र कृषि उपजको सदुपयोगिताका बारेमा जिज्ञासा राख्नुभयो । कर्मचारी घटाउन र शाखा विस्तारलाई कम गर्न सुझाव दिनुभयो । साधारण सभा ढिला भएको प्रति जिज्ञासा राख्दै आगामी दिनमा अलि चाँडो गर्न सुझाव दिँदै साधारण सभाको सफलताको शुभकामना दिनुभयो ।

**१०.२) सेयरधनी श्री कमल बहादुर थापाले** यस विकास बैंकमा सक्षम बोर्ड र व्यवस्थापन हुँदा हुँदै पनि खराब कर्जा कसरी बढ्न गयो भन्ने प्रश्न गर्नुभयो । बोनस र राइट सेयरलाई कम गर्दै अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्न सुझाव दिनुभयो । कर्जा असुलिमा ध्यान दिने र कर्जा ग्राहीको व्यवसाय चलेमा असुलिमा समस्या नहुने हुँदा असुलि सम्बन्धी कारवाही गर्दा व्यवसाय निरन्तरतालाई ख्याल गरी असुलि सम्बन्धी कारवाही अगाडी बढाउन सुझाव दिनुभयो । त्यसै गरी सम्पत्तीको गुणस्तरमा समेत ख्याल गर्न र कर्मचारिलाई कर्मचारिको रुपमा मात्र नभएर सम्पत्तीको रुपमा लिनका लागि सुझाव दिनुभयो ।

**१०.३) सेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ, निरुपमा गुप्ता र जगन्नाथ आचार्यले** लिखित रुपमा बैंकको साधारण सभा ढिला भयो भन्ने गुनासो गर्नुभयो । आगामी दिनमा सेयरधनिहरुलाई डबल डिजिटमा लाभाँस दिनेगरी कार्य गर्न र संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी खर्चलाई सही रुपमा परिचालन गर्न तथा बैंकको खर्चमा मितव्ययिता अपनाउन सुझाव दिनुका साथै अठारौं वार्षिक साधारण सभाको सफलताको शुभकामना दिनुभयो ।

**११) <u>सेयरधनी महानुभावहरुका सल्लाह, सुझाव र जिज्ञासाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू र व्यवस्थापनको तर्फबाट प्र.का.अ को जवाफ :</u>**

मुक्तिनाथ विकास बैंक लि. केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाडौं

बुँदा नं. १० अन्तर्गत सेयरधनी महानुभावहरुले दिनुभएको सल्लाह, सुझाव र जिज्ञासाहरुका लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले र व्यवस्थापनको तर्फबाट प्रमुख कार्यकारी अधिकृतले स्वागत गर्दै हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । अध्यक्षज्यूले राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिका कारण वित्तीय सुचकाङ्कहरुमा केही संकुचन आएको र आगामी वर्ष यसलाई सुधार गरी राम्रो मुनाफा प्रदान गर्न प्रयासरत रहने तथा अन्य सल्लाह सुझावहरुलाई आगामी दिनमा कार्यान्वयन गर्दै लगिने व्यहोरा जानकारी गराउनुभयो भने सेयरधनी महानुभावहरुबाट आएका विभिन्न जिज्ञासाहरुको जवाफ दिनुभयो । त्यसैगरी प्रमुख कार्यकारी अधिकृतज्यूले सेयरधनी महानुभावहरुबाट आएका सल्लाह सुझावलाई अगामी दिनमा कार्यान्वयन गर्दै जाने प्रतिबद्दता जनाउँदै जिज्ञासाहरुको बारेमा स्पष्ट पार्नुभयो ।

११) **सभाका निर्णयहरु :** अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवले साधारण सभाका प्रस्तावहरुलाई क्रमश साधारण सभा समक्ष निर्णयार्थ पेश गर्नुभयो र सभाबाट निम्न अनुसार प्रस्तावहरु पारित गरियो ।

**सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सर्वसम्मतीले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु सर्वसम्मतीले पारित गरियो ।

३. यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०८०/०८१ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी सर्वसम्मतीले पारित गरियो ।

४. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्न तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा लेखा परीक्षण समितिका संयोजक श्री उमेश कुमार आचार्यले प्रस्ताव गरे बमोजिम नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा दर्ता नं. ६३०, आन्तरीक राजश्व कार्यालय काठमाण्डौंमा स्थायी लेखा नम्बर ६०२८६३५०० ठेगाना काठमाण्डौ महानगरपालिका वडा नं ३२, अनामनगर स्थीत ए. पी. एण्ड एसोसियट्सलाई नियुक्ति गर्ने तथा पारिश्रमिक सम्बन्धमा बैधानिक लेखा परीक्षण शुल्क , एल. एफ. आर शुल्क तथा यातायात, बास, खाना खर्च र मु.अ. कर सहित एकमुष्ट रु. २५,००,०००/- (अक्षरेपी पच्चीस लाख रुपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने गरी नियुक्ति गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

**विशेष प्रस्तावहरु :**

१. काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.-२८, कमलादी, काठमाण्डौ स्थित केन्द्रीय कार्यालयलाई काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.-३ लाजिम्पाट, काठमाण्डौमा स्थानान्तरण गर्नका लागि प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

२. सञ्चालक समितिको बैठकबाट नियुक्त स्वतन्त्र सञ्चालक श्री उमेश कुमार अचार्यको नियुक्ति अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

मुक्तिनाथ विकास बैंक लि. केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाडौं

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही प्रति सेयर रु. १०० का दरले रु.१ अर्ब बराबरको मुक्तिनाथ ८.५% अविमोच्य असञ्चिति अग्राधिकार सेयर (**8.5%, Muktinath Perpetual Non-cumulative Preference Share**) सम्बन्धित नियमनकारी निकायको स्वीकृति पश्चात जारी गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

४. हाल कायम अधिकृत पूँजी रु.८ अर्बबाट बृद्धि गरी रु.१० अर्ब पुऱ्याउने र सोही अनुसार प्रबन्धपत्रको दफा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

५. अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी भए पश्चात बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) लाई बृद्धि गरी रु.८,०४,६९,३८,०४९.०८ (अक्षरेपी आठ अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) पुऱ्याउने र सोही अनुसार प्रबन्धपत्रको दफा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

***प्रवन्धपत्रमा गरिएको संशोधन सम्बन्धी तीनमहले विवरण :***

| साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **प्रवन्धपत्रको दफा २(१) मा :** वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३१, कमलादिमा रहने छ । | **प्रवन्धपत्रको दफा २(१) मा :** विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३, लाजिम्पाटमा रहने छ । | यस विकास बैंकले काठमाण्डौ महानगरपालिका वडा नं. ३, लाजिम्पाटमा निर्मित आफ्नै भवनमा केन्द्रीय कार्यालय स्थानान्तरण भइसकेकोले । |
| **प्रबन्धपत्रको दफा ५ को उपदफा (क) मा:** विकास बैंकको अधिकृत पूँजी रु.८,००,००,००,०००/- (अक्षरेपी आठ अर्ब मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० दरका रु.८,००,००,०००/- (अक्षरेपी आठ करोड) थान साधारण सेयरमा विभाजन गरिएको छ । | **प्रबन्धपत्रको दफा ५ को उपदफा (क) मा:** विकास बैंकको अधिकृत पूँजी रु.१०,००,००,००,०००/- (अक्षरेपी दश अर्ब मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० को दरले रु. १०,००,००,०००/- (अक्षरेपी दश करोड) थान साधारण सेयरमा विभाजन गरिएको छ । | विकास बैंकको पूँजी बृद्धि गर्ने योजना अनुरुप । |

मुक्तिनाथ विकास बैंक लि. केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाडौं

| | | |
|---|---|---|
| **दफा ५ को उपदफा (ख) मा:** विकास बैंकको जारी पूँजी रु. ७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) हुनेछ । जसलाई प्रति सेयर रु.१००/- का दरले ७,०४,६९,३८०.४९ (सात करोड चार लाख उनन्सत्तरी हजार तीन सय असी दशमलव चार नौ थान साधारण सेयरमा विभाजन गरिएको छ । | **दफा ५ को उपदफा (ख) मा:** विकास बैंकको जारी पूँजी रु. ८,०४,६९,३८,०४९.०८ (अक्षरेपी आठ अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति सेयर रु.१००/- का दरले ७,०४,६९,३८०.४९ (सात करोड चार लाख उनन्सत्तरी हजार तीन सय असी दशमलव चार नौ ) थान साधारण सेयरमा र १,००,००,०००.०० (एक करोड) थान अग्राधिकार सेयरमा विभाजन गरिएको छ । | विकास बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु. ७,०४,६९,३८,०४९.०८ ( अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) रहेको र अठारौं वार्षिक साधारण सभाबाट रु १०००००००००.०० ( अक्षरेपी एक अर्ब मात्र ) को अग्राधिकार सेयर जारी गर्ने प्रस्ताव गरिएकोले । |
| **दफा ५ को उपदफा (ग) मा:** विकास बैंकको चुक्ता पूँजी रु. ७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) हुनेछ । | **दफा ५ को उपदफा (ग) मा:** विकास बैंकको चुक्ता पूँजी रु. ८,०४,६९,३८,०४९.०८ (अक्षरेपी आठ अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति सेयर रु.१००/- का दरले ७,०४,६९,३८०.४९ (सात करोड चार लाख उनन्सत्तरी हजार तीन सय असी दशमलव चार नौ ) थान साधारण सेयरमा र १,००,००,०००.०० (एक करोड) थान अग्राधिकार सेयरमा विभाजन गरिएको छ । | |

६. अग्राधिकार सेयर तथा अविमोच्य ऋणपत्र जारी गर्नका लागि बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक थप/संशोधन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

**प्रबन्धपत्र तर्फ थप गर्नुपर्ने व्यवस्था :**

| **साविकको व्यवस्था** | **थप व्यवस्था** | **थप गर्नुपर्ने कारण** |
|---|---|---|
| **प्रबन्धपत्रको दफा ४ को उपदफा (कञ) मा:** हाल नभएको | **प्रबन्धपत्रको दफा ४ को उपदफा (कञ) मा:** नेपाल राष्ट्र बैंकले तोकेको सिमाभित्र रही अग्राधिकार सेयर तथा ऋणपत्र जारी गर्ने । | थप पूँजी परिचालनको लागि अग्राधिकार सेयर तथा ऋणपत्र जारी गर्न सक्ने व्यवस्था थप गर्नुपर्ने भएकोले । |

*नियमावलीमा गरिएको संशोधन सम्बन्धी तीनमहले विवरण :*

| साविकको व्यवस्था | संशोधित/थप व्यवस्था | संशोधन/थप गर्नुपर्ने कारण |
|---|---|---|
| **नियमावलीको दफा २(१) मा :** वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३१, कमलादिमा रहने छ। | **नियमावलीको दफा २ मा :** विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३, लाजिम्पाटमा रहने छ। | यस विकास बैंकले काठमाण्डौ महानगरपालिका वडा नं. ३, लाजिम्पाटमा नव निर्मित आफ्नै भवनमा केन्द्रीय कार्यालय स्थानान्तरण गर्नुपर्ने भएकोले । |
| **नियमावलीको दफा १५ (१) मा :** प्रचलित कम्पनी कानून वा यस विनियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक सेयरधनीले आफूले लिएको प्रत्येक सेयर बापत एउटा मत दिने अधिकार हुनेछ। | **नियमावलीको दफा १५ (१) मा :** प्रचलित कम्पनी कानून वा यस विनियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक सेयरधनीले आफूले लिएको प्रत्येक सेयर बापत एउटा मत दिने अधिकार हुनेछ । अग्राधिकार सेयरधनीहरुले मताधिकारमा भाग लिन पाउने छैनन् । | अग्राधिकार सेयर जारी गर्ने क्रममा उक्त सेयर लिने सेयरधनीहरुले मताधिकारमा भाग लिन नपाउने व्यवस्था कायम गर्न । |

७. यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा सोसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

८. विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने साथै अग्राधिकार सेयर जारी/दर्ता तथा सूचिकरण लगायत सोसंग सम्बन्धित कार्यहरुको स्वीकृतिका क्रममा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

**१४) धन्यवाद ज्ञापन तथा सभाको समापन :** अध्यक्ष श्री भरत राज ढकालले उपस्थित सेयरधनी, अतिथि लगायत आमन्त्रित सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै अठारौं बार्षिक साधारण सभाको समापन भएको जानकारी गराउनुभयो ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| कम्पनी सचिव | अध्यक्ष | संस्थाको छाप |